# २०७८ साल असार ८ गते बसेको १०१ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १ :यस नगरपालिका नगरकार्यपालिकाको शिक्षा शाखाले प्रकाशन गरेको शैक्षिक सत्र २०७८ को शैक्षिक क्यालेन्डरका लागि यसअघि रु १०,०००।- विनियोजन भएकोमा रु ३१,०७५ खर्च हुन गएकोलें अपुग भएको रकम रु २१,०७५।- (अक्षरुपी एकाइस हजार पचहत्तर रुपैंया मात्र) थप विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२ : यस नगरपालिका नगरकार्यपालिकाको कार्यालयका विभिन्न शाखाहरुबाट आगामी आ. ब. २०७८/०७९का लागि अनुमानित बजेट पेश भएकोमा संशोधन गरी तपशिल बमोजिम विनियोजन गरी आगामी बजेटमा समेट्ने निर्णय गरियो ।

| क्र. सं. | विषयगत शाखा /उपशाखा | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा | २५००००० | |
| २ | युवा तथा खेलकुद | १५००००० | |
| ३ | स्काउट | ५००००० | |
| ४ | स्वास्थ्य शाखा | ६०००००० | |
| ५ | आयुर्वेद | ५००००० | |
| ६ | कृषि विकास शाखा | ३०००००० | लागत साझेदारी सहित |
| ७ | पशु सेवा शाखा | २५००००० | |
| ८ | महिला विकास तथ वालवालिका शाखा | १५००००० | |
| ९ | रोजगार सेवा केन्द्र | ३०००००० | |
| १० | सूचना प्रविधि व्यवस्थापन (वैकल्पिक ईन्टरनेट जडान) | ५००००० | |
| ११ | पाउँदी खोला IEE कार्य | ५००००० | |
| १२ | सहकारी व्यवस्थापन कार्यक्रम | २५०००० | |
| १३ | Ms Office Package Training कार्यक्रम | ५००००० | |
| १४ | राजस्व व्यवस्थापन कार्यक्रम | २५०००० | |
| १५ | वन तथा वातावरण | ५००००० | |
| १६ | गै. स. स. वन तथा वातावरण, पिस विन, कोसिस, वर्ल्ड भिजन | ५००००० | |
| | कुल जम्मा | २४०००००० | |

निर्णय नं.३ यस नगरपालिकाको आ.व २०७८/०७९ को वार्षिक बजेट निर्माणको सम्बन्धमा यस नगरकार्यपालिका कार्यालयले विभिन्न संघसंस्था तथा व्यक्तिहरुसँग राय सुझाव माग गरेकोमा विभिन्न १३ वटा संघसंस्था तथा व्यक्तिहरुबाट पेश भएको राय सुझाव उपर

छलफल गरियो । यसरी प्राप्त भएका राय सुझावहरुलाइ नीति तथा कार्यक्रम र बजेट मा आवश्यकता अनुसार समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** यस नगरपालिका नगरकार्यपालिकामा आर्थिक सहायताका लागि पेश भएका विभिन्न निवेदनहरु उपर तपशील बमोजिमको सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स सं | मागगर्ने संस्था/व्यक्ति | मागको विवरण | सहायता रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मेलम्ची नगरपालिका वाढी पिडितका लागि राहत | १,००,०००।- | |
| २. | नमुना सामुदायिक अस्पतालको स्मारीका प्रकाशन | आर्थिक सहयोग | ५०,०००।- | |
| ३. | संचारकर्मी नवराज पहांडी | उपचार सहायता | २५,०००।- | |
| ४. | हरी बहादुर दुरा | उपचार सहायता | २०,०००।- | |
| ५. | अमर बहादुर थापा | राहत व्यवस्थापनका लागी आ.स. | २५,०००।- | |
| ६. | सीता पाण्डे | थप उपचार सहायता | १०,०००।- | सीता पाण्डे वडा नं. २ |
| ७. | लेखक राम बहादुर के.सी | आर्थिक सहयोग | ३१२००।- | |
| ८. | सुमित्रा के.सी सु.न.पा- ६ | आर्थिक सहयोग | ४६६०।- | पाइप |
| ९. | गिता के.सी | आर्थिक सहयोग | ४६६०।- | पाइप |
| १०. | नारायण कोइराला | आर्थिक सहयोग | ४६६०।- | पाइप |
| ११. | सरस्वती न्यौपाने | आर्थिक सहयोग | ७०००।- | सिँचाइ पाइप |
| १२. | गीता देवी खड्का | आर्थिक सहयोग | ७०००।- | पाइप |
| १३. | प्रेम बहादुर गुरुङ | खेलाडीहरुको खर्च | १०,०००।- | |
| १४. | प्रकाश डौलिया | आर्थिक सहयोग | १०,०००।- | पाइप |
| १५. | सुक माया सुनार | आर्थिक सहयोग | १५०००।- | उपचार |
| | | कुल जम्मा | ३,२४,०००।- | |

**निर्णय नं.५** बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्रोत अनुमान तथा बजेट निर्धारण समितिले दिएको स्रोत अनुमान र सीमा निर्धारणभित्र रही विषय क्षेत्रगत रुपमा छलफल गरी साथै बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई सहजीकरण गर्न गठित समितिले पेश गरेको प्रस्तावलाई समेत आधार मान्दै पेश गरेको बजेट तथा कार्यक्रम पारितका लागि आठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**र्नणय नं. ६** शान्ति सृजना आधारभूत विद्यालय भवन मर्मतका लागी रु. ८० हजार (अक्षरुपी असी हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं.७ महिला तथा वालबालिका शाखाको आ.व ०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसारको सर्शत तर्फको महिला विकास कार्यक्रम द्वारा प्रर्वद्धित महिला सहकारी संघसंस्थाहरुको सदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको लागि सहजीकरण कार्यक्रम अन्तर्गत श्री परेवाडाँडा महिला बहुउद्धेशीय सहकारी संस्था सुदृढिकरणको लागी आवश्यक फर्निचर खरिद गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय न.८ यस नगरकार्यपालिकाको कार्यालय अन्तर्गत २ वटा वडा हेर्ने सचिवलाई आगामी आ.व.२०७८/०७९ बाट लागु हुने गरी प्रोंत्साहन स्वरुप मासिक रु.३००० ( अक्षरुपी तिन हजार मात्र) थप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णयनं. ९ वडा न.१० को प्लास्टिक टनेल निर्माण कार्यक्रमलाई प्लास्टिक टनेल खरीद कार्यक्रममा संसोधन गर्ने निर्णय गरीयो ।

निर्णय न.१० कोभिड १९ को जोखिमलाई मध्यनजर गर्दै योजना सम्पन्नको म्याद असार २० गते सम्म थप गर्ने निर्णय गरीयो ।

निर्णय न.११ वडा न.६ को साना पूर्वाधार शिर्षकमा विनियोजित बजेट रु २ लाखलाई वडाका लागी पाईप खरीद शिर्षकमा संशोधन गर्ने निर्णय गरियो ।

निर्णय न.१२ जिल्ला विपद व्यवस्थापन कोषमा विपदबाट विस्थापित निजी आवास पुन निर्माण कार्यक्रमका लागि स्थानीय तहको लागत साझेदारीका लागी आवश्यक रकम २९ घरधुरीका लागी ४,५०,०००।- को १५ प्रतिशतका दरले हुन आउने रु १९,६०,०००।-( अक्षरुपी उन्नाइस लाख साठी हजार मात्र) सम्बन्धित कोषमा जम्मा गर्ने व्यवस्थाका लागि वजेटमा समावेश गर्ने निर्णय गरियो ।

निर्णय न.१३ आर्थिक सहायता शिर्षकमा रु.१५,००,०००।- (अक्षरुपी पन्ध्र लाख रुपैयाँ मात्र रकम उपयुक्त शिर्षकबाट थप गर्ने निर्णय गरियो ।

निर्णय न.१४ सूचना प्रकाशन तथा पत्रपत्रिका शिर्षकमा उपयुक्त शिर्षक बाट रु.१०,००,०००।- (अक्षरुपी दश लाख रुपैया मात्र ) थप गर्ने निर्णय गरीयो ।

निर्णय न.१५ सामाजिक विकास मन्त्रालय गण्डकि प्रदेश पोखरा बाट विशेषगरि अक्सिजन पाईपलाईन जडान अक्सिजन सिलिन्डर खरीद का लागि रु.५ लाख रकम निकासा भएकोमा सुन्दरबजार हस्पिटलमा अक्सिजन पाईपलाईन जडान गर्दा हुन गएको खर्च रु.३२५०२७ अक्षरुपी तिन लाख पच्चीस हजार सताईस मात्र नगरपालिकाबाट भुक्तानी दिने र नमुना सामुदायिक अस्पतालमा हुन गएको खर्च रु.७३७५६५ प्रदेशबाट निकासा प्राप्त रकमबाट भुक्तानी दिन नपुग हुने

| सि.न. | पद | नाम थर | थप जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| ११ | सहायक पाँचौं | श्री मनहरी सोति | गाउँ र बस्ति स्तरमा योजना छनौट | |
| १२ | योजना सहायक | श्री दिल बहादुर तामाङ् | नगरस्तरमा योजना छनौट | |
| १३ | सहायक कम्प्यूटर अपरेटर | श्री मंगेश कुँवर | निति कार्यक्रम बजेट टाईपिङ् प्रिन्टिङ फोटोकपि वाईन्डिङ् | |
| १४ | कार्यालय सहयोगी | श्री विर वहादुर के.सी. | दैनिक भैपरी आउने कार्य | |
| १५ | कार्यालय सहयोगी | श्री माधव राज जोशी | दैनिक भैपरी आउने कार्य | |
| १६ | कार्यालय सहयोगी | श्री पशुपति पौडेल | दैनिक भैपरी आउने कार्य | |
| १७ | कार्यालय सहयोगी | श्री किसान कुमाल | दैनिक भैपरी आउने कार्य | |

**निर्णय न.१८** नमुना सामुदायिक अस्पताललाई पानी तथा बत्तीको विल वापत बढीमा रु ४७ हजार (अक्षरुपी सडचालिस रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय न.१९** फलफुल दशक अन्तर्गत सुन्तला विरुवा रोपण अभियान कार्यक्रम अन्तर्गत सुन्तलाजातकाअमिला फलफूल रोपण अन्तर्गत देहायका उपभोक्ता समिति /कृषक समूहलाई रु.२४५०००।- (अक्षरुपी दुई लाख पैचालिस हजार मात्र) मा नबढ्ने गरी अनुदान उपलब्ध गराउने र सो शिर्षकमा बाँकी रकमबाट कोटेशान मार्फत खरीद गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरीयो।

देहाय-

**उपभोक्ता समिति/कृषक समूहको नाम ठेगाना**

१.गडीकालीका उपभोक्ता समिति सु.न.पा-१

२.कोइरालाफाँट उपभोक्ता समिति सु.न.पा-१०

३.खमारीबोट टोल उपभोक्ता समिति सु.न.पा-१

४. सिर्वानी टोल उपभोक्ता समिति सु.न.पा-१

५. कालीमराङ टोल उपभोक्ता समिति सु.न.पा-१

६. भागिरथी टोल उपभोक्ता समिति सु.न.पा-१

**निर्णय न.२०** लक्ष्मीनारायण कभर्ड हल निर्माण सुनपा ६ का लागि रु.५०००००( अक्षरुपी पाँच लाख रुपैयाँ ) युवा तथा स्वरोजगार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय न.२१ गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय मार्फत गत आ.व.२०७६/०७७ मा सुन्दरबजार नगरपालिका र पाणिनी संस्कृति मा.वि. को गुरुकुल व्यवस्थापन समिति बीच सम्झौता भई भुक्तानी का लागी अनुगमन तथा फरफारक समितिबाट सिफारिस भएकोमा लेखा शाखामा भुलबस कागजपत्र missed भई भुक्तानी हुन नसकेको हुदाँ सो योजनाको मूल्याङ्कन र समितिको सिफारीस रकम रु. ४५४००० (अक्षरुपी चार लाख चौवन्न हजार मात्र) चालु आ.व. को नगरप्रमुख युवा उधम कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो।

निर्णय न. २२ वडा न. ७ अन्तर्गत कोभिडको दोस्रो लहरको बेला राहत वितरण स्वरुप भएको खर्च रु. २७००० अक्षरुपी सताईस हजार मात्र भुक्तानी दिने निर्णय गरीयो।

निर्णय न .२३ कोभिड-१९ रोकथाम नियन्त्रणका लागि PCR परीक्षण, Antizen परीक्षण, आईसोलेसन तथा अन्य स्थानमा अग्रपंङ्तीमा रहेर काम गर्ने कर्मचारीहरुलाई काम गरेको दिनको आधारमा तलब स्केलको ५० % प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय भए बमोजिम हुन आउने रकम मध्ये रु १०,०००००।– (अक्षेरुपी दश लाख रुपैया मात्र) स्वास्थ्य शाखाको अग्र पङ्तिमा खटिने कर्मचारीलाई प्रोत्साहन शीर्षकबाट र बाँकी रकम कोभिड प्रतिकार्य कोषबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय न .२४ स्वास्थ्य शाखा अन्तर्गत मंसिर १ बाट असार १८ सम्म कोभिड व्यवस्थापनमा खटिने कर्मचारीहरुले खाएको खाजा पानी बापतको रकम रु.१०१८००।- (अक्षरुपी एक लाख एक हजार आठ सय मात्र) कोभिड प्रतिकार्य कोषबाट भुक्तानी दिने निर्णय गरीयो।

निर्णय न .२५ सुन्दरबजार नगरपालिकाको तपशील बमोजिमका विधेयक तथा प्रतिवेदन आगामी आठौ नगरसभामा पेश गर्ने निर्णय गरियो।

१. आर्थिक विधेयक २०७८
२. विनियोजन विधेयक २०७८
३. वन विधेयक २०७८
४. न्यायिक समितिको प्रतिवेदन २०७७/०७८

प्रमुख